# शासकीय खवर-पत्र

# (Governance Bulletin)



सामान्य प्रशासन मन्त्रालयको चौमासिक प्रकाशन-२०६७,असार अङ्क-१२

(Ministry Of General Administration: Four Monthly Publication, June/July. 2010, Vol-12

## सम्पादक मण्डल

सचिव, श्री बालानन्द पौडेल - सल्लाहकार

सह-सचिव श्री विनोद के.सी. - संयोजक

उपसचिव श्री माहादेव पन्थ - सदस्य

शाखा अधिकृत श्री रत्नमणि भट्टराई - सदस्य

शाखा अधिकृत श्री हिमलाल भण्डारी - सदस्य सचिव



**सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौ**

# सम्पादकीय

सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका विभिन्न मन्त्रालय एवं निकायहरुवाट शासकीय सुधारका लागि सञ्चालन गरिएका विभिन्न प्रयासहरुलाई सरोकारवालाहरु समक्ष सार्वजनिक गर्ने र शासकीय सुधारका लागि रचनात्मक पृष्ठपोषण लिने उद्देश्यले शासकीय खवरपत्र प्रकासनको थालनी गरिएको हो । यसै क्रममा यो बाह्रौं अङ्क यहाँहरु समक्ष प्रस्तुत गर्न गइरहेका छौ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लगायत नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो, माग एवं सुझावहरुको उचित सुनुवाईको माध्यमवाट जनमुखी प्रशासन प्रवर्द्धन गर्न तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले गरेको व्यवस्थालाई प्रभावकारी वनाउन **जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६** लागू गरिएको छ । त्यसैगरी निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा व्यवस्था भएको निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने कार्यलाई सरलिकरण गर्ने उद्देश्यले **निजामती कर्मचारीको कार्य विवरण तयार गर्ने निर्देशिका, २०६७** जारी भएको छ । यस वाहेक **निजामती कर्मचारीका ट्रेड युनियनहरुको ८४ बुँदे मागको समस्या समाधान तथा सिफारिश कार्यलदको प्रतिवेदन, २०६६** कार्यान्वयनको चरणमा रहेको छ । यसैगरी प्रशासन पुनःसंरचना आयोगको दोस्रो अन्तरिम प्रतिवेदन २०६५ ( (क) **नेपालमा विद्युतीय शासनको प्रबर्द्धन सम्बन्धी**) (ख) **सार्वजनिक सस्थानका कर्मचारी छनौट सम्वन्धी र** (ग) **निजामती सेवामा तालिम सम्बन्धी**) समेत सार्वजनिक भएका छन् । प्रतिवेदनमा प्रस्तुत गरिएका मुख्य मुख्य सिफारिशहरुलाई पनि पाठकहरुको जानकारीको लागि यस अंकमा समेटिएको छ । निजामती कर्मचारीका छोरा छोरी मध्यॆ डाक्टर र इन्जिनियर पढ्ने विद्यार्थीहरुलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्ने कार्यको सुरुवात भएको छ भने दार्चुला र महोत्तरी जिल्लामा निजामती कर्मचारीहरुलाई आवास गृह निर्माण गर्ने तथा धनकुटा र डोटी जिल्लामा निजामती कर्मचारीका छोरा छोरीलाई आवासीय विद्यालय स्थापना गर्ने विषयमा सामान्य प्रशासन मन्त्रालयवाट प्रारम्भिक कार्य सम्पन्न भएको छ । साथै सामान्य प्रशासन मन्त्रालय लगायत नेपाल सरकारका विभिन्न निकायहरुबाट चालू आर्थिक वर्षमा शासकीय सुधार सम्वन्धी विभिन्न गतिविधिहरु सञ्चालन भएका छन् । सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका विभिन्न निकायहरुबाट सम्पन्न भएका यिनै गतिविधिहरु र अन्य जानकारी मुलक क्रियाकलामहरुलाई समेत यस अङ्कमा समेट्ने प्रयास गरिएको छ ।

अन्त्यमा शासकीय खवरपत्र प्रकासन गर्ने क्रममा नेपाल सरकारका सबै निकायहरुवाट सदा झै सहयोग प्राप्त हुने विश्वास राख्दै यो अङ्क तयार गर्न सहयोग पुऱ्याउनु हुने सामान्य प्रशासन मन्त्रालयका सबै महाशाखा, शाखा र अन्य सम्वद्ध निकाय एवं पदाधिकारीलाई समेत सादर धन्यवाद दिन चाहन्छौ ।

असार,२०६७

सम्पादक मण्डल
सिंहदरवार, काठमाण्डा

# विषयसूचि

१ जनगुनासो व्यवस्थापन निर्देशिका लागू

२ प्रशासन पुनःसंरचना आयोगद्वारा दोस्रो अन्तरिम प्रतिवेदन पेश

३ निजामती कर्मचारीहरुका ट्रेड युनियनहरुको ८४ बुँदे मागको समस्या समाधान तथा सिफारिश कार्यदलको प्रतिवेदन कार्यान्वयनको चरणमा

४ निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने निर्देशिका, २०६७ जारी

५ युरोपा (EROPA) को कार्यकारी परिषदको बैठक तथा सेमिनार नेपालमा हुने

६ विभिन्न मन्त्रालय/निकायहरुबाट सञ्चालन भएका शासकीय सुधार सम्बन्धी गतिविधिहरु

# जनगुनासो व्यवस्थापन निर्देशिका लागू

नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीस्तर) को मिति २०६६।१२।३१ को निर्णयानुसार स्वीकृत भएको जनगुनासो व्यवस्थापन निर्देशिका २०६६, २०६७ बैशाख १ गते देखि लागू भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय लगायत विभिन्न मन्त्रालय तथा निकायमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो, माग एवं सुझावहरुको उचित सुनुवाईको माध्यमबाट जनमुखी प्रशासन व्यवस्थाको प्रबर्द्धन गर्न र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २० ले गरेको व्यवस्थालाई प्रभावकारी बनाउने उद्देश्यले लागू गरिएको उक्त निर्देशिकामा भएका मुख्य मुख्य प्रावधानहरु निम्न बमोजिम रहेका छन् :–

## जनगुनासो व्यवस्थापन गर्ने जिम्मेवारी

गुनासो, माग वा सुझावहरुको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित मन्त्रालय/आयोग/सचिवालयको हुने, स्थानीय स्तरमा गुनासो, माग वा सुझावहरुको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुने, गुनासो, माग वा सुझावहरुको कार्यान्वयनको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन गर्ने जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको हुने गरी स्पष्ट जिम्मेवारी किटान गरिको छ । साथै निर्देशिकामा सार्वजनिक संस्थानहरु, निजी क्षेत्र तथा नागरिक समाजका संस्थाहरुसँग सम्बन्धित जनगुनासो, माग तथा सुझावहरुको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको नै हुने व्यवस्था गरिएको छ ।

## जनगुनासो व्यवस्थापन गर्ने संस्थागत व्यवस्था

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा एक जनगुनासो व्यवस्थापन इकाई रहने, यस इकाईको मातहतमा रहने गरी ११११ नम्बरको निःशुल्क टेलिफोन (Toll Free Telephone Service) को व्यवस्था गरिने कुरा निर्देशिकामा उल्लेख गरिएको छ । त्यस्तै कार्यालय समय बाहेकमा गुनासो गर्ने गुनासोको अभिलेख गर्नको लागि आवाज अभिलेख गर्ने मेशिन ( Voice Recorder Machine) को व्यवस्था गरिने समेत उल्लेख गरिएको छ । निर्देशिकामा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको जनगुनासो व्यवस्थापन इकाईको काम, कर्तव्य र अधिकार समेत स्पष्ट रुपमा तोकिएको छ ।

## सम्बन्धित मन्त्रालय/आयाोग/सचिवालयको भूमिका, काम, कर्तव्य र अधिकार

- जनताका गुनासा, माग तथा सुझावहरुको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी क्षेत्रगत मन्त्रालय वा सचिवालयको हुने,
- प्रत्येक मन्त्रालय, विभाग तथा सरकारी निकायका कार्यालयमा एउटै विन्दुबाट गुनासो सुन्ने र प्रमुखको आदेश बमोजिम कार्यान्वयनमा लैजाने जिम्मेवार अधिकारी (नोडल अधिकृत) तोकिने र निजलाई सहयोग

पुर्‍याउन आवश्यक अन्य कर्मचारीको व्यवस्था सम्बन्धित मन्त्रालय वा निकायले गर्नुपर्ने,

- प्रत्येक मन्त्रालय/निकायले एउटै विन्दुबाट कार्य गर्ने सम्पर्क विन्दु र व्यक्तिको नाम, फोन र फ्याक्स नं. समेत जनगुनासो व्यवस्थापन इकाईलाई उपलब्ध गराउनु पर्ने,
- प्रत्येक मन्त्रालय/निकायले आफ्नोमा प्राप्त भएका गुनासा माग र सुझावहरुको कार्यान्वयन आफै गर्नुपर्ने ।

## सम्बन्धित कार्यालयको काम, कर्तव्य र अधिकार

- माथिल्लो निकाय मार्फत प्राप्त जनगुनासो, माग वा सुझाव तथा आफ्नो कार्यालमा सोझै प्राप्त जनगुनासो , माग वा सुझावको कार्यान्वयन गर्नु सम्बन्धित कार्यालयको दायित्व हुने,
- जनगुनासो व्यवस्थापन गर्ने प्रत्येक कार्यालयले गुनासो सुन्ने अधिकारी ( नोडल अधिकृत) तोक्नुपर्ने,
- प्रत्येक कार्यालयले माथिल्लो निकाय मार्फत प्राप्त माग, गुनासो वा सुझाव आफै कार्यान्वयन गर्न सकिने भए तत्काल कार्यान्वयन गर्ने, आफै कार्यान्वयन गर्न नसकिने भए सम्बन्धित मन्त्रालय/सचिवालयमा सिफारिश गरी पठाउनु पर्ने,
- प्रत्येक कार्यालयले महिनाभरि सम्पन्न गरेको जनगुनासोको प्रगति सम्बन्धित मन्त्रालय/सचिवालयमा प्रत्येक महिनाको ७ गतेभित्र पठाउनु पर्ने,
- प्रत्येक मन्त्रालय/सचिवालयले महिनाभरि सम्पन्न गरेको जनगुनासोको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रत्येक महिनाको १५ गतेभित्र पठाउनु पर्ने ।

## जनगुनासो व्यवस्थापनको समयसीमा

सम्बद्ध सवै निकायको लागि देहायको अवधिभित्र जनगुनासो सम्बोधन गरिसक्नु पर्ने गरी जनगुनासो व्यवस्थापनको समयसीमा तोकिएको छ :–

- “अति जरुरी” र निशुल्क टेलिफोन सेवाबाट आएको गुनासो सामान्यतया सोही दिन वा भोलिपल्ट १२ बजेसम्ममा,
- माथिल्लो पदाधिकारी समक्ष निकासाको लागि पेश गर्नुपर्ने भएमा सोही दिन पेश गरी निकासा भई आएको दिन वा भोलीपल्ट १२ बजेभित्र,
- “जरुरी गुनासो” तीन दिनभित्र,
- सामान्य गुनासो सात दिनभित्र,

साथै कुनै पनि माध्यमबाट प्राप्त भएको गुनासो पत्रको शिरमा अनिवार्य रुपमा गुनासो प्राप्त भएको समय उल्लेख गरेको हुनुपर्ने प्रावधान राखिएको छ ।

## प्रगति प्रतिवेदन पेश गर्नुपर्ने

प्रत्येक निकायले गुनासो व्यवस्थापन सम्बन्धी प्रगति प्रतिवेदन देहाय बमोजिम पेश गर्नुपर्ने व्यवस्था गरिएको छ :–

- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको जनगुनासो व्यवस्थापन इकाईले प्रत्येक महिनाको १५ गतेभित्र मुख्य सचिव मार्फत प्रधानमन्त्री समक्ष,
- प्रत्येक मन्त्रालय/आयोग/सचिवालयले आफू अन्तर्गत सम्पन्न भएको गुनासो व्यवस्थापनको पगति प्रत्येक महिनाको १० गतेभित्र जनगुनासो व्यवस्थापन इकाई समक्ष,
- प्रत्येक कार्यालय/संस्थाले प्रत्येक महिनाको ७ गतेभित्र सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय समक्ष ।

गुनासो व्यवस्थापन सम्बन्धी प्रगति प्रतिवेदन पेश गर्दा प्रत्येक निकायले प्राप्त गुनासोको कुल संख्या, फछ्र्यौट गुनासोको विवरण र कुनै गुनासो फछ्र्यौट हुन नसकेको भए सो को कारण समेत खोली पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

गुनासो व्यवस्थापन निर्देशिकाको कार्यान्वयनबाट नेपाल सरकारका विभिन्न निकायमा प्राप्त हुने गुनासोको उचित सुनुवाई भई जनमुखी प्रशासन व्यवस्थाको प्रवर्द्धन गर्न सघाउ पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## प्रशासन पुनःसंरचना आयोगद्वारा दोस्रो अन्तरिम प्रतिवेदन पेश

नेपालको सार्वजनिक प्रशासनलाई संघीय लोकतान्त्रिक शासन व्यवस्था अनुरुप रुपान्तरण गर्न नेपालको सार्वजनिक प्रशासन (नेपाली सेना र सशस्त्र प्रहरी बल बाहेक) को अध्ययन गरी सामयिक सुधारका लागि सुझाव र सिफारिश सहितको प्रतिवेदन पेश गर्न गठित प्रशासन पुनःसंरचना आयोगले नेपालमा विद्युतीय शासनको प्रवर्द्धन, सार्वजनिक संस्थानका कर्मचारी छनौट र निजामती सेवामा तालिम सम्बन्धी ३ बटा

अन्तरिम प्रतिवेदनहरु सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरेको छ । आयोगले नेपालमा विद्युतीय शासनको प्रवर्द्धन विषयको दोस्रो अन्तरिम प्रतिवेदन २०६६।१०।१८ मा र सार्वजनिक संस्थानका कर्मचारी छनौट सम्बन्धी तथा निजामती सेवामा तालिम सम्बन्धी २ बटा अन्तरिम प्रतिवेदनहरु २०६७।२।६ मा प्रधानमन्त्री समक्ष पेश गरेको हो । २०६५।८।४ मा गठन भएको प्रशासन पुनःसंरचना आयोगले सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धी पहिलो अन्तरिम प्रतिवेदन २०६६।११।१६ मा पेश गरिसकेको छ । पहिलो अन्तरिम प्रतिवेदनमा गरिएका सिफारिशहरुमध्ये कतिपय कार्यान्वयन भईसकेका र कतिपय कार्यान्वयनको चरणमा रहेका छन् ।

नेपालमा विद्युतीय शासन सम्बन्धमा हालसम्म भइरहेका कार्यहरुको पुनरावलोकन गरी सरकारी क्षेत्रमा विद्युतीय प्रयोगलाई द्रुत गतिमा प्रवर्द्धन गर्न के कस्ता चुनौति र अवसर छन्, सो को विश्लेषण गरी विद्युतीय शासन प्रयोगको सम्बन्धमा सिफारिश गर्ने उद्देश्यले तयार गरिएको नेपालमा विद्युतीय शासन प्रवर्द्धन सम्बन्धी दोस्रो अन्तरिम प्रतिवेदनमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन सोंच सहितको राष्ट्रिय विद्युतीय शासन सम्बन्धी रणनीति (National E-Governance Strategy) तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सिफारिश गरिएको छ । प्रतिवेदनमा विद्युतीय शासनको प्रभावकारी कार्यान्वयनमा राजनीतिक तथा प्रशासनिक तहका उच्च नेतृत्वको ठोस प्रतिवद्धता र दृढ इच्छाशक्ति हुनुपर्ने सुझाव गरिएको छ ।

नेपालमा योजनाबद्ध विकासको शुरुवातसँगै लोककल्याणकारी राज्यको अवधारणा अनुरुप जनाताका आवश्यक सेवा र वस्तुहरु उत्पादन र वितरण गर्ने कार्यमा सहजता ल्याउन सार्वजनिक संस्थानहरुको स्थापना र विकास भएको पाइन्छ । सन् १९८० को दशकसँगै उदाएको आर्थिक उदारीकरण र निजीकरणको विश्वव्यापी लहर तथा राज्यको भूमिकामा आएको परिवर्तनसँगै सार्वजनिक संस्थानहरुको सञ्चालन र व्यवस्थापनमा समेत व्यापक परिवर्तन ल्याईदियो । निजीकरण नीतिको कार्यान्वयन पश्चात पनि अधिकांश सार्वजनिक सस्थानहरु घाटामा सञ्चालन भएका छन् भने सरकारी दायित्व थाम्नै नसक्ने गरी बढिरहेको देखिन्छ । संस्थानहरु यसरी निरन्तर घाटामा रहनुमा सरकारी संस्थानहरुको सञ्चालन, अध्यक्ष, महाप्रवन्धक तथा सञ्चालकहरुको नियुक्ति, कर्मचारीहरुको नियुक्ति, बढुवा आदिका लागि एउटा स्प्रष्ट नीति बन्न नसक्नु प्रमुख कारण रहेको छ । सार्वजनिक संस्थानका कर्मचारी छनौट कार्यमा सर्वसाधारणको व्यापक असन्तुष्टी एवं गुनासो व्याप्त रहेको अवस्था छ ।

यसै पृष्ठभूमिमा सार्वजनिक संस्थानका कर्मचारीको भर्ना छनौट गर्ने कार्य स्वस्छ, स्वस्थ र निश्पक्ष रुपमा गर्न आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष प्रतिवेदन गर्न आवश्यक भएको सन्दर्भमा “सार्वजनिक संस्थानका कर्मचारी छनौट” सम्बन्धी प्रतिवेदन पेश गरिएको कुरा आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

सार्वजनिक संस्थानका कर्मचारी छनौट सम्बन्धी उक्त दोस्रो अन्तरिम प्रतिवेदन ४ बटा परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रारम्भिक, परिच्छेद २ मा सार्वजनिक संस्थानहरुमा जनशक्ति आपूर्तिको विद्यमान अवस्था, परिच्छेद ३ मा सम्भाव्य कानुनी तथा संस्थागत व्यवस्था र परिच्छेद ४ मा सुझाव तथा सिफारिशहरु र

कार्यान्वयन कार्ययोजना समेटिएको छ । प्रतिवेदनमा सार्वजनिक संस्थानको कर्मचारी व्यवस्थापनमा रहेको विद्यमान व्यवस्थामा परिवर्तन गर्नको लागि छुट्टै छाता कानुनको व्यवस्था हुनुपर्ने कुरा औंल्याइएको छ । प्रतिवेदनमा संस्थानहरुको जनशक्ति व्यवस्थापनको लागि संस्थागत व्यवस्था गर्ने सम्बन्धमा विभिन्न ४ बटा सम्भाव्य विकल्पहरुको विश्लेषण गरिएको छ । पहिलो विकल्पको रुपमा लोक सेवा आयोगलाई थप जिम्मेवारी दिनुपर्ने, दोस्रो विकल्पमा छुट्टै स्वतन्त्र, प्रभावशाली संस्थान सेवा आयोग गठन गर्ने, तेस्रो विकल्पमा छुट्टै व्यवस्थापन बोर्डको गठन गर्ने र चौथो विकल्पमा हाल भएको व्यवस्थामा समसामयिक सुधार गरी प्रभावकारी बनाउने सुझाव दिइएको छ । तर प्रतिवेदनमा पहिलो विकल्पलाई लागू गर्न सिफारिश गरिएको छ ।

प्रतिवेदनमा नेपालका सार्वजनिक संस्थाका कर्मचारीको छनौट कार्य स्वस्छ, स्वस्थ र निस्पक्ष रुपमा सम्पादन गर्न तत्कालीन र दीर्घकालीन व्यवस्थाको लागि सिफारिश गरिएको छ । सार्वजनिक संस्थाको कर्मचारी पदपूर्तिको जिम्मेवारी लोक सेवा आयोगलाई दिने, नयाँ बन्ने संविधानमा सार्वजनिक संस्थाका कर्मचारीको पदपूर्तिमा लोक सेवा आयोगको संलग्नता हुने गरी व्यवस्था गर्न नेपाल सरकारले संविधान सभालाई अनुरोध गर्ने विषयलाई तत्काल गर्नुपर्ने व्यवस्था अन्तर्गत सिफारिश गरिएको छ । त्यस्तै सार्वजनिक संस्थाहरुको समुचित व्यवस्थापन गर्न सवै संस्थाहरुको सञ्चालनमा एकरुपता हुने गरी छाता कानुनको निर्माण गर्नुपर्ने विषयलाई दीर्घकालीन रुपमा गर्नुपर्ने व्यवस्थामा सिफारिश गरिएको छ ।

आयोगले निजामती सेवामा तालिम विषयमा अध्ययन गरी तयार गरेको दोस्रो अन्तरिम प्रतिवेदन पनि प्रधानमन्त्रीज्यू समक्ष पेश गरेको छ । जनमुखी सेवा प्रवाह गर्न र चुस्त दुरुस्त प्रशासनको निर्माणको लागि सेवारत कर्मचारीहरु आफ्नो कार्यसँग सम्बन्धित विषयमा सवल र दक्ष हुनुपर्छ । तालिम कर्मचारीहरुलाई सवल, दक्ष र सक्षम बनाउने महत्वपूर्ण साधनमध्ये एक हो । राज्यले कर्मचारीहरुको विकास र दक्षताको प्रवर्द्धनका लागि सम्बन्धित सवै कर्मचारीहरुलाई आ–आफ्नो विषयमा दक्ष बनाउन जरुरी हुन्छ । कर्मचारीहरुको दक्षता र सवलताबाटै चुस्त दुरुस्त प्रशासनको निर्माण हुने र यसबाट आम नागरिक समेतले सेवा प्रवाहमा लाभ लिन सक्ने कुरालाई दृष्टिगत गरी प्रतिवेदन तयार गरिएको कुरा जनाईएको छ ।

नेपालको निजामती सेवाको तालिमका सम्बन्धमा सुधार ल्याई यसलाई बढी उपयोगी बनाउन मानव संशासन विकासका लागि छाता सगठन स्थापना गर्ने, विषयगत तालिमहरु एकिकृत गर्ने, तालिम आवश्यकताको पहिचान गर्ने, आवश्यक स्रोतको व्यवस्था गर्ने, तालिमलाई सीपमूलक तथा उपलब्धिमूलक बनाउने, तालिम विधिको मूल्यांकन गर्ने, प्रशिक्षकलाई समेत प्रशिक्षण दिने व्यवस्था मिलाउने, तालिमलाई बढुवाको अंक आर्जनसँग मात्र सीमित नगर्ने, पारिश्रमिकमा एकरुपता तथा क्षेत्र भ्रमणको सुविधामा वृद्धि गरिनुपर्ने, तालिमको सन्दर्भलाई समेत मनन गरी विशेष बढुवा सम्बन्धी टुंगो लगाइनु पर्ने, श्रेणी विहीन कर्मचारीहरु लगायत सवैका लागि तालिम सुनिश्चित गर्ने, तालिम संस्थालाई समेत विकेन्द्रित गर्नुपर्ने सुझावहरु प्रतिवेदनमा प्रस्तुत गरिएका छन् । त्यस्तै तालिम दिने संस्थाहरु सार्वजनिक–निजी साझेदारीमा सञ्चालन गर्ने, तालिम कार्यक्रममा सूचना प्रविधिको उपयोग गर्ने, तालिम दिने संस्थाहरुलाई स्वायत्तता प्रदान गर्ने, तालिम

प्रदायक संस्थाको संख्या सीमित गर्ने, वैदेशिक तालिमको अवसर सुलभ बनाउने र तालिमको प्रभावकारिता मूल्यांकन गर्ने सुझावहरु समेत प्रतिवेदनले समेटेको छ ।

प्रशासन पुनः संरचना आयोगले पेश गरेका उल्लेखित प्रतिवेदनहरुलाई नेपाल सरकार मन्त्रिपरिषद्बाट आवश्यक कारवाहीका लागि सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय भए बमोजिम सामान्य प्रशासन मन्त्रालयले सो को कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयनमा लैजान आवश्यक प्रक्रियाको थालनी गरिसकेको छ ।

## निजामती कर्मचारीहरुका ट्रेड युनियनहरुको ८४ बुँदे मागको समस्या समाधान तथा सिफारिश कार्यदलको प्रतिवेदन कार्यान्वयनको चरणमा

निजामती कर्मचारीका ट्रेड युनियनहरुले विगतमा पेश गरका ८४ बुँदे माग लगायत निजामती सेवा सुधारका विषयमा अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन पेश गर्न गठित उच्चस्तरीय कार्यदलले आफ्नो प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरेको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६६।९।२२ को निर्णयबाट माननीय सामान्य प्रशासन राज्यमन्त्री जितु गौतमको संयोजकत्वमा उक्त कार्यदल गठन भएको थियो । कार्यदलका सदस्यहरुमा सामान्य प्रशासन मन्त्रालयका सचिवज्यू, सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिवहरु रहनुभएको थियो । त्यसैगरी नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेशी निजामती कर्मचारी मञ्च र राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र गरी निजामती कर्मचारीका ५ बटा ट्रेड युनियनबाट २/२ जना प्रतिनिधिहरु समेत कार्यदलमा रहनुभएको थियो ।

कार्यदलले आफ्नो कामलाई व्यवस्थित गर्न कार्यविधि समेत तयार गरी अनौपचारिक तथा औपचारिक रुपमा बैठक बसी ८४ बुँदे मागका प्रत्येक दफा दफामा

गहन र सुक्ष्म छलफल र अन्तरक्रिया गरेको एवं कार्यदल गठन पश्चात १२ पटक औपचारिक बैठक बसी निश्कर्ष निकाली निर्णय लिइएको कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रतिवेदनमा निजामती कर्मचारीका ट्रेड युनियनहरुले पेश गरेका ८४ बुँदे मागहरुलाई विभिन्न ६ बटा विषयहरुमा वर्गीकरण गरी सुझाव प्रस्तुत गरिएको छ । ६ बटा विषयगत क्षेत्रहरुमा शान्ति सुरक्षा, वृत्ति विकास, आर्थिक सुविधा, प्रतिनिधित्वको व्यवस्था सम्बन्धी, सेवा प्रवाहको प्रभावकारिता र भ्रष्टाचार नियन्त्रण सम्बन्धी तथा विविध रहेका छन् ।

कार्यदलको प्रतिवेदनका सिफारिशहरुको सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७।१।८ को बैठकबाट निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ सम्बन्धी व्यवस्थाको हकमा सामान्य प्रशासन मन्त्रालयले तत्काल कारवाही अगाडि बढाउने भनी निर्णय गरेको छ । त्यसैगरी मन्त्रिपरिषद्ले प्रतिवेदनका अन्य सिफारिशका बुँदाहरुको हकमा प्राथमिकता तोकी कार्ययोजना र कार्यक्रम बनाई सामान्य प्रशासन मन्त्रालय लगायत सम्बन्धित मन्त्रालय मार्फत कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन सामान्य प्रशासन मन्त्रालयमा पठाउने । यसको कार्यान्वयन सम्बन्धी समन्वय र अनुगमन गर्ने कार्य सामान्य प्रशासन मन्त्रालयले नै गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्बाट भएको उल्लिखित निर्णयलाई कार्यान्वयन गर्ने सिलसिलामा सामान्य प्रशासन मन्त्रालयले एक कार्यदल गठन गरेको थियो । कार्यदललाई निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम बढुवा भएका कर्मचारीहरुको समायोजन र व्यवस्थापनका विकल्पहरु खोज्ने र विकल्पहरु कार्यान्वयन गर्न निजामती सेवा ऐन तथा नियमावलीमा गर्नुपर्ने संशोधन सम्बन्धी अध्ययन गरी सुझाव दिने जिम्मेवारी तोकिएको थियो । एक महिनाको कार्यावधि तोकिएको उक्त कार्यदलले आफूलाई सुम्पिएको जिम्मेवारी अनुरुप तोकिएको समयावधि भित्रै आफ्नो प्रतिवेदन पेश गरेको छ ।

उच्चस्तरीय कार्यंदलको प्रतिवेदनका अन्य सिफारिशहरुको हकमा सामान्य प्रशासन मन्त्रालयले कार्यान्वयनको लागि कारवाही अगाडि बढाएको छ । यस क्रममा प्रतिवेदनका सिफारिशहरुलाई मन्त्रालयगत कार्यक्षेत्र छुट्याई जुन मन्त्रालयसँग सम्बन्धित विषय हो, सोही मन्त्रालयमा कार्यान्यनको लागि पठाईएको छ । सामान्य प्रशासन मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयहरुसँग सम्बन्धित सिफारिशहरुलाई कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । यस क्रममा मन्त्रालयसँग सम्बन्धित सिफारिशहरु, सो सम्बन्धमा भएको विद्यमान कानूनी व्यवस्था र सिफारिश कार्यान्वयनको लागि चाल्न सकिने सम्भाव्य कदमका विषयमा छलफल भइरहेको छ ।

यसरी उच्चस्तरीय कार्यदलले गरेका सिफारिशहरुलाई कार्यान्वयन गर्न सकिएमा निजामती सेवामा विद्यमान विशेष बढुवाको कारणबाट सिर्जित समस्या समाधान हुन जाने र निजामती सेवामा सामयिक सुधार भई निजामती सेवा ऐनले परिकल्पना गरेको सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी सेवा बन्न सक्ने कुरामा विश्वास गर्न सकिन्छ ।

## निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने निर्देशिका, २०६७ जारी

कार्यविवरण प्रत्येक कर्मचारीको पद अनुसारको कामको लिखित विवरण हो जसमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार, जिम्मेवारी र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनुपर्छ । प्रत्येक निजामती सेवाको पदको कार्यविवरण तयार गरी लागू गराउने दायित्व सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखको हो । निजामती कर्मचारीलाई कुनै पनि पदमा पदस्थापना गर्दा दिइने पत्रसँगै निजको कार्यविवरण र कार्यविवरण अनुसारको कामको मूल्यांकन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनु पर्ने प्रावधान निजामती सेवा ऐनमा राखिएको छ । यसको पालना नगर्ने कार्यालय प्रमुखलाई विभागीय कारवाही समेत हुने कानुनी व्यवस्था रहेको छ ।

निजामती सेवा ऐन, २०४९ को दफा ५क मा नेपाल सरकारले स्वीकृत गरेको संगठनको कार्यविवरणको आधारमा सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्यविवरण बनाई लागू गर्नुपर्ने र यस्तो कार्यविवरणमा त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपले किटिएको हुनुपर्ने व्यवस्था रहेको छ । निजामती सेवा ऐन र नियमावलीमा भएका कार्यविवरण सम्बन्धी व्यवस्थाको कार्यान्वयनलाई सहज बनाउन तथा निजामती कर्मचारीहरुको कार्यविवरण तयार गर्ने कार्यलाई सरलीकरण गर्ने उद्देश्यले नेपाल सरकारले निजामती कर्मचारीहरुको कार्यविवरण तयार गर्ने निर्देशिका, २०६७ जारी गरेको छ । नेपाल सरकारबाट मिति २०६७।२।३ मा स्वीकृत भएको यो निर्देशिका स्वीकृत भएको मितिदेखि नै प्रारम्भ भएको छ ।

कार्यविवरण भर्दा ध्यान दिनु पर्ने कुराहरु, कार्यविवरण फारामको क्रमसंख्या ७ मा रहेका महलहरु भर्दा ध्यान दिनुपर्ने कुराहरु, सूचकाङ्कको महल भर्दा प्रयोग गर्न सकिने सूचकहरु, कार्यविवरण फारामलाई प्रभावकारी रुपले कार्यान्वयनमा ल्याउनको लागि सम्बन्धित मन्त्रालय तथा विभागहरुको आन्तरिक प्रशासनको काम हेर्ने संगठनात्मक इकाईले गर्नु पर्ने कामहरु, मन्त्रालय तथा अन्तर्गत विभाग, कार्यालयहरुले आफ्नो कार्यविवरण उपर निश्तित अवधिको अन्तरालमा पुनरावलोकन गर्नुपर्ने र कार्यविवरणमा तुरुन्त परिवर्तन गर्नुपर्ने अवस्थाहरु आदिलाई प्रस्तुत निर्देशिकामा समेटिको छ ।
यसरी निजामती सेवा ऐन तथा नियमावलीमा निजामती कर्मचारीहरुको कार्यविवरणका सम्बन्धमा स्पष्ट व्यवस्थाहरु हुँदा हुँदै यसको प्रभावकारी रुपमा कार्यान्वयन नभईरहेको अवस्थामा जारी गरिएको यस निर्देशिकाले कार्यविवरण तयार गर्ने सम्बन्धमा स्पष्ट मार्गदर्शन गरेको छ । अव निर्देशिकाको कार्यान्वयनबाट नेपाल सरकारका निकायहरुमा कार्यरत निजामती कर्मचारीहरुको कार्यविवरण तयार गर्ने कार्य सहज र सरलिकृत हुन गई यस सम्बन्धी कानूनी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन हुने विश्वास गरिएको छ ।

## युरोपा (EROPA) को कार्यकारी परिषदको बैठक तथा सेमिनार नेपालमा हुने

The Eastern Regional Organization for Public Administration (EROPA) को ५६औं कार्यकारी परिषद्को बैठक तथा सेमिनार सन् २०१० को नोभेम्बर २१ देखि २५ सम्म तदनुरुप २०६७ मार्ग ५ देखि ९ सम्म नेपालको काठमाण्डौमा हुने भएको छ ।

सन् १९६० मा स्थापना भएको यो संगठनमा अष्ट्रेलिया, ताईवान, जापान, फिलिपिन्स र भियतनाम संस्थापक सदस्य राष्ट्र हुन् भने सन् १९६१ मा थाइल्याण्ड, सन् १९६२ मा दक्षिण कोरिया, सन् १९६३ मा इरान, सन् १९६५ मा पाकिस्तान, सन् १९६६ मा मलेशिया, सन् १९७१ मा इण्डोनेशिया, सन् १९८३ मा नेपाल र सन् १९८५ मा भारत यो संगठनको सदस्य वनेका हुन् । एसिया र प्यासिफिक क्षेत्रका विकासोन्मुख मुलुकहरुको साझा चाहानावाट निर्देशित यो संगठनले सदस्य राष्ट्रहरु बीच सार्वजनिक प्रशासनका क्षेत्रमा अवलम्बन गरिने पद्धति, सीप र नयाँ अभ्यासहरुको प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा क्षेत्रीय र पारस्परिक सहयोग अभिवृद्धि गर्ने मूल उद्धेश्य लिएको छ । नेपालमा हुन गईरहेको सेमिनारको मुख्य विषय सार्वजनिक प्रशासन र विपद व्यवस्थापन **“Public Administration and Disaster Management: Reducing Risks, Delivering Services, Spearheading Recovery”** हुने छ भने संघीयता ***“Federalism as a Structure of Government”*** को विषयमा विशेष छलफल हुने छ । यस बाहेक कार्यक्रमको सुरुमा सार्वजनिक प्रशासनका क्षेत्रमा देखा परेका नयाँ नयाँ मुद्दाहरुको विषयमा छलफल गर्न गठन भएको मन्त्री स्तरीय **FIRST ASIAN LEADERSHIP FORUM** को बैठक संचालन हुने छ । यसमा **“The Need for Leadership Development.”** विषयमा छलफल हुने छ ।

## विभिन्न मन्त्रालय/निकायहरुबाट सञ्चालन भएका शासकीय सुधार सम्बन्धी गतिविधिहरु

### (१) सामान्य प्रशासन मन्त्रालय

#### (क) शासकीय सुधार नीति कार्यान्वयनको अनुगमन

नेपाल सरकारबाट लागू भएको शासकीय सुधार सम्बन्धी नीतिको कार्यान्वयन र यसको प्रभावकारिताको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रुपमा अनुगमन हुँदै आएको छ । चालु आर्थिक वर्षमा उक्त कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा विभिन्न १० बटा जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन कार्य सम्पन्न गरिएको छ । अनुगमन कार्य सम्पन्न गरिएका जिल्लाहरुमा मोरङ, कैलाली, मुस्ताङ, डोटी, बैतडी, दार्चुला, रसुवा, सर्लाही, ईलाम र रामेछाप रहेका छन् । स्थानीय स्तरका सरकारी कार्यालयहरुबाट शासकीय सुधार कार्यान्वयन गर्ने सम्बन्धमा भए गरेका कृयाकलापहरुको प्रत्यक्ष अवलोकन गर्नुका साथै सार्वजनिक सेवा प्रवाहमा संलग्न निकाय एवं कर्मचारीहरुले सेवा प्रवाह गर्दा भोग्नु परेका व्यावहारिक कठिनाई र नीतिगत समस्याहरुको पहिचान गरी सुधारका क्षेत्रहरु पहिल्याउने अपेक्षाका साथ यो कार्यक्रम सुरु गरिएको हो ।

#### (ख) निजामती कर्मचारीको गुनासो सर्वेक्षण

सामान्य प्रशासन मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्लास्थित सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको गुनासो सर्वेक्षण गर्ने क्रममा चालु आर्थिक वर्षमा विभिन्न ७ बटा जिल्लाहरुमा उक्त कार्यक्रम सम्पन्न गरिएको छ । जस अन्तर्गत पाँचथर, कञ्चनपुर, दार्चुला, बैतडी, सुर्खेत लगायतका जिल्लास्थित सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई समेटिएको थियो । स्थानीय स्तरका कार्यालयहरुमा कार्यरत कार्यालय प्रमुख लगायत अन्य कर्मचारीहरुको गुनासो संकलन गरी देखिएका गुनासाहरुको बारेमा व्यापक अन्तरक्रिया गर्दै तत्कालिन रुपमा समाधान गर्ने गुनासाहरु र दीर्घकालीन रुपमा नीतिगत तहबाटै समाधान गर्ने विषयहरुको पहिचान गर्ने यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।

### (ग) अभिप्रेरणा साझेदारी कार्यक्रम

निजामती सेवामा सक्षम र योग्य व्यक्ति आकर्षित गर्ने उद्देश्यले विगत केही वर्षदेखि सामान्य प्रशासन मन्त्रालयले अभिप्रेरणा साझेदारी कार्यक्रम सञ्चालन गर्दै आएको छ । देशका विभिन्न विश्वविद्यालय तथा क्याम्पसहरुमा गएर त्यहाँ अध्ययनरत विद्यार्थीहरुसँग छलफल/अन्तरक्रिया गर्ने, निजामती सेवा र भर्ना तथा छनौट प्रक्रियाका बारेमा जानकारी दिने र सरकारी सेवाका सकारात्मक पक्षहरुको प्रचार प्रसार गरी सक्षम र योग्य व्यक्तिहरुलाई यस सेवामा प्रवेशको लागि आकर्षित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ । यस आर्थिक वर्षमा हालसम्म मन्त्रालयले डोटी बहुमुखी क्याम्पस, डोटी, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा र गौरी शंकर बहुमुखी क्याम्पस, दोलखासँग अभिप्रेरणा साझेदारी कार्यक्रम सम्पन्न गरेको छ ।

### (घ) संगठन तथा व्यवस्थापन सर्वेक्षण

कुनै पनि संगठनको स्थापना निश्चित उद्देश्य पूर्तिको लागि भएको हुन्छ । सो संगठनको उद्देश्य र लक्ष्य अनुरुप कार्य सम्पादन गर्न निश्चित ढाँचाको संगठन संरचना र जनशक्तिको व्यवस्था गरिएको हुन्छ । समयक्रममा संगठनका उद्देश्य, लक्ष्य, कार्यबोझ, कार्यप्रकृति, कार्यक्रम इत्यादिमा हुने परिवर्तन एवं प्रविधिमा आएको परिवर्तनसँगै सो संगठनको संगठनात्मक ढाँचा र जनशक्तिमा परिवर्तन एवं परिमार्जन गनुपर्ने हुन्छ ।

यसै तथ्यलाई मध्यनजर राखेर सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न केन्द्रीय निकायहरु तथा कार्य संचालन स्तरका कार्यालयहरुको कार्यक्रम, कार्यबोझको आधारमा विद्यमान दरवन्दी र संरचनाको अवस्थाबारेमा अध्ययन गरी सुधारको लागि सुझाव दिने उद्देश्यले आफ्नो वार्षिक कार्यक्रममा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी कार्यक्रम संचालन गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा तीन वटा कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएकोमा हालसम्म कैलाली जिल्लास्थित ५ वटा र उदयपुर जिल्ला स्थित ५ वटा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिएको छ ।

### (ङ) व्यवस्थापन परीक्षण :

निजामती सेवा ऐन, २०४९ को दफा ७२क ले दिएको अधिकार प्रयोग गरी सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरु तथा ती निकायमा कार्यरत कर्मचारीहरुले

प्रचलित कानून, नियम तथा कार्यविधि अनुसार कार्य गरे वा नगरेको सम्बन्धमा आ.व २०५६ देखि व्यवस्थापन परीक्षण गर्दै आएको छ । नेपाल सरकारका विभिन्न निकायहरुबाट आम जनतामा पुऱ्याउनु पर्ने सेवालाई अझ सर्वसुलभ र प्रभावकारी बनाउने उद्देश्यका साथ यस मन्त्रालयले नियमित र आकस्मिक रुपमा त्यस्ता कार्यालयहरुको व्यवस्थापन परीक्षण गर्ने गरेको छ । यस आर्थिक वर्षमा मन्त्रालयले हालसम्म जम्मा ११ वटा जिल्लाका विभिन्न कार्यालय र केन्द्रिय स्तरका ३ वटा लगायत आकस्मिक रुपमा केन्द्रिय स्तरका सबै मन्त्रालय/आयोग/ को व्यवस्थापन परीक्षण गरी निकायगत प्रतिवेदन समेत तयार गरिसकेको छ ।

### (च) सेवाग्राही सन्तुष्टी सर्वेक्षण :

आम नागरिकलाई राज्यका तर्फबाट प्रदान गरिने सेवा उपलब्ध गराउनका लागि खडा गरिएका निकायले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवाग्राहीको धारणा र सेवा लिने क्रममा कर्मचारीको व्यवहारका साथै सेवाका लागि खर्चिनु परेको अतिरिक्त रकमका सम्बन्धमा प्रश्नावलीको माध्यमबाट बुझ्ने र सो सम्बन्धमा देखिएका कमिकमजोरीहरुलाई आगामी दिनमा हटाउँदै लैजाने उद्देश्यका साथ सामान्य प्रशासन मन्त्रालयले केही वर्ष अगाडि देखि सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्दै आएको छ । यस कार्यक्रमलाई निरन्तरता दिने क्रममा यस आर्थिक वर्षमा हाल सम्म जम्मा ५ वटा जिल्लाका विभिन्न कार्यालयहरुमा सर्वेक्षण सम्पन्न गरिएको छ ।

### (छ) निजामती कर्मचारीका छोराछोरीका लागि छात्रवृत्ति कार्यक्रम

निजामती कर्मचारीहरुका सन्ततीको उच्च शिक्षाको अवसरलाई क्रमिक रुपमा वृद्धि गर्दै लैजाने सरकारी प्रयास स्वरुप चालु आर्थिक वर्ष (२०६६/६७) को बजेट वक्तव्यमा स्वदेशी विश्वविद्यालयहरुमा डाक्टर र ईन्जिनियरिङ विषयको स्नातक र अन्य विभिन्न विषयमा स्नातकोत्तर उपाधि समेतको लागि प्रतिस्पर्धाको आधारमा छनौट भएका निजामती कर्मचारीका छोराछोरीहरु मध्ये वार्षिक दुई सय जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने उल्लेख भएको थियो । सामान्य प्रशासन मन्त्रालयको चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको उक्त कार्यक्रमका लागि रु छ करोड विनियोजन भएको थियो ।

निजामती कर्मचारीका सन्ततीको उच्च शिक्षाको क्षेत्रमा योगदान पुर्‍याउने गरी पहिलो पटक आएको यस कार्यक्रमको कार्यान्वयनको क्रममा सामान्य प्रशासन मन्त्रालयले यस वर्ष चिकित्सा शास्त्र र इन्जिनियरिङ विषयको स्नातक तहमा अध्ययनरत निजामती सेवामा कार्यरत कर्मचारीका छोराछोरीका लागि छात्रबृत्ति उपलब्ध गराउन राष्ट्रिय दैनिक गोरखापत्र र कान्तिपुरबाट सूचना प्रकाशित गरी दरखास्त आव्हान गरेको थियो । दरखास्त आव्हानको सूचनाको अतिरिक्त दरखास्त फाराम सामान्य प्रशासन मन्त्रालयको वेभ साईटबाट समेत उपलब्ध हुन सक्ने व्यवस्था मिलाइएको थियो । यसरी दरखास्त बुझाउन तोकिएको निर्धारित मितिभित्र जम्मा ४९५ जनाले छात्रवृत्तिका लागि दरखास्त पेश गरेको मन्त्रालयको योजना तथा जनशक्ति विकास शाखाले जनाएको छ ।

## (ज) निजामती कर्मचारी आवास कार्यक्रम

राष्ट्र सेवामा कार्यरत कर्मचारीहरुलाई राज्यले आफ्नो क्षमता अनुसार दिन सक्ने सुविधा क्रमशः उपलब्ध गराउँदै लग्न, कर्मचारीहरुको मनोबल र उत्प्रेरणा बढाउदै लगी सेवा प्रति इमान्दार र प्रतिवद्ध बनाउन, स्थानीय स्तरमा खटिई जाने कर्मचारीलाई सजिलै आवास उपलब्ध हुने व्यवस्था मिलाउने उद्देश्यले नेपाल सरकारले निजामती कर्मचारी आवास कार्यक्रमको सुरुवात गरेको छ । यसै क्रममा चालु आर्थिक वर्षको बजेट वक्तव्यमा दार्चुला र महोत्तरी जिल्लामा कर्मचारी आवास प्रकृतिको भवन निर्माण कार्य शुरु गर्नका लागि बजेट बिनियोजन भएको थियो । बजेटमा भएको व्यवस्था अनुसार कार्यक्रम कार्यान्वयन गर्ने क्रममा दार्चुला जिल्लामा आवास भवन निर्माणको लागि नेपाल खाद्य संस्थान, उपशाखा कार्यालय दार्चुलाको नाममा रहेको जग्गा खरिदको लागि मन्त्रिपरिषद्बाट स्वीकृति भइसकेको छ भने महोत्तरी जिल्लामा आवास भवन निर्माणको लागि जिल्ला वन कार्यालयको जग्गा खरिद गर्न प्रक्रिया अगाडि बढाइएको छ ।

## (झ) निजामती आवासीय विद्यालय कार्यक्रम

निजामती सेवामा कार्यरत कर्मचारीहरुका सन्ततीहरुले दश जोड दुई सम्मको गुणस्तरीय शिक्षा प्राप्त गर्न सकुन्, सन्ततीको शिक्षाकै कारण दैनिक कार्यका साथै निजको कार्यक्षमता र उत्पादकत्वमा कुनै किसिमको नकारात्मक असर नपरोस् र सरुवा जस्ता नियमित प्रक्रियाले तिनीहरुको शिक्षामा नकारात्मक असर नपुगोस् भन्ने अभिप्रायले नेपाल सरकारले निजामती कर्मचारीका सन्ततीहरुका लागि आवासीय विद्यालय स्थापना गर्ने कार्यक्रमको सुरुवात गरेको छ । यस कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा पूर्वाञ्चल विकास क्षेत्रको धनकुटा र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको दिपायलमा १/१ बटा आवासीय विद्यालय स्थापना गर्ने कार्यक्रम रहेको सन्दर्भमा यस सम्बन्धी प्रक्रियाको थालनी गरिएको छ । यसै क्रममा आवासीय विद्यालय भवन निर्माणको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई एक/एक करोड रकम निकासा पठाइएको छ ।

## (ञ) सेवा निवृत्त कर्मचारीहरुलाई सहयोग कार्यक्रम

सेवा निवृत्त भएका कर्मचारीहरुको राष्ट्रसेवामा अनवरत रुपमा संलग्न गरी आफूले आर्जन गरेको योग्यता, अनुभव, ज्ञान, सीप, दक्षता आदिलाई व्यवहारमा उतारी आफ्नो अवकाशित जीवन स्वस्थ, सुखमय, ज्ञानमय र सकेसम्म उत्पादनशील तुल्याउन प्रेरित गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सामान्य प्रशासन मन्त्रालयले पूर्व कर्मचारी सेवा परिषद् मार्फत सहयोग उपलब्ध गराउँदै आएको छ । यसै सिलसिलामा पूर्व कर्मचारी सेवा परिषद्ले पूर्व कर्मचारीको चासो, सेवा निवृत्त जीवनमा अध्यात्म, प्राकृतिक चिकित्सा सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । नेपाल सरकार अन्तरगत सरकारी र सरकारी स्वामित्वमा रहेका विभिन्न निकायबाट सेवा निवृत्त भएका कर्मचारीहरुको अवकासित जीवनलाई अझै सदुपयोग गर्नको लागि २०६६ फागुन १३ र १४ गते सामान्य प्रशासन मन्त्रालयका सचिव श्री वालानन्द पौडेलज्यूको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम सञ्चालन गरिएको परिषदबाट मन्त्रालयमा पेश गरिएको प्रतिवेदनमा जनाइएको छ ।

## (२) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २६ बमोजिम गठित केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ७ बटा बैठकहरु सम्पन्न भई विभिन्न ४१ बटा निर्णयहरु भएको ।
- उच्चस्तरीय निरीक्षण तथा अनुगमन समितिको कार्यान्वयन कार्यविधि, २०६६ स्वीकृत भएको ।
- गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउन २०६६ बैशाख २ गतेदेखि Toll Free Line को व्यवस्था गरिएको ।
- एकिकृत रुपमा गुनासाहरुलाई व्यवस्थित गर्न २०६७ बैशाख १ गतेदेखि जनगुनासो व्यवस्थापन इकाई मार्फत गुनासाहरुलाई व्यवस्थित गर्ने गरिएको ।
- २०६७ जेष्ठ १ गतेदेखि गुनासाहरुलाई Online Phone (1111) मार्फत सम्बन्धित निकायहरुमा पठाउने व्यवस्था गरिएको ।
- चिठ्ठीपत्र व्यवस्थापन गर्न दर्ता र चलानीलाई Electronic Tracking System मा राखिएको ।
- भ्रमण प्रतिवेदनहरु Website मा राख्ने व्यवस्था मिलाइएको ।

## (३) स्थानीय विकास मन्त्रालय

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले नेपाल सरकारले सरकारी कार्यालयको काम कारवाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यक निर्देशिका वा दिग्दर्शन बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ । ऐनले दिएको यो अधिकार प्रयोग गरी स्थानीय विकास मन्त्रालयले सुशासन व्यवस्थापन निर्देशिका, २०६६ बनाएको छ । मन्त्रालय र मातहतका कार्यालयको काम कारवाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरितो र मितव्ययी रुपमा सम्पादन गर्न तथा कानूनको शासन, पारदर्शिता, जनताको गुनासा तथा उजुरीहरुको प्रभावकारी व्यवस्थापन गरी सदाचार कायम गर्ने उद्देश्यले निर्देशिका जारी गरिएको कुरा प्रस्तावनामा उल्लेख गरिएको छ ।

## (४) राष्ट्रिय सतर्कता केन्द्र

- भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा आम जनमानसमा सचेतना सिर्जना गर्ने उद्देश्यले भ्रष्टाचार नियन्त्रण सम्बन्धी श्रव्यदृश्य सामग्रीहरु तयार पारी नेपाल टेलिभिजन, रेडियो नेपाल तथा नेपाल एफ.एम.बाट देशभरिकै जनताले हेर्न र सुन्न सक्नेगरी नियमित रुपमा प्रशारण गरिंदै आएको,

- राज्यले उपलब्ध गराउने सेवा र सुविधा नागरिकहरुसम्म सहज ढंगले पुग्न सकेको छ वा छैन भनी सार्वजनिक निकायहरुमा नागरिक बडापत्रको कार्यान्वयन भए नभएको विषयमा ११ बटा जिल्लाका विभिन्न कार्यालयहरुमा अनुगमन गरिएको ।
- नागरिक सचेतना अभिबृद्धिका लागि ६ बटा जिल्लामा **भ्रष्ट्राचार नियन्त्रण : हाम्रो साझा दायित्व** विषयक अन्तरक्रिया गोष्ठीहरु सञ्चालन गरिएको,
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ को दफा ५० बमोजिम सार्वजनिक पदाधिकारीहरुले पेश गर्नुपर्ने सम्पत्ति विवरणको ढाँचामा परिवर्तन गरिएको,